श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०३०–१–५ को निर्णय अनुसार देहायका नेपाल प्रशासन सेवाका राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरूलाई निजामती सेवा नियमावली २०२१ को नियम १०.१(५) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ।

| नाम, थर | साबिक पद र कार्यालय |
|---|---|
| श्री शेखर मानन्धर | अन्तःशुल्क अधिकारी, अन्तःशुल्क कार्यालय झापा। |
| श्री रमेशप्रसाद खकुरेल | कर अधिकृत, कर कार्यालय, सगरमाथा अंचल। |

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२९–१२–२२ को निर्णय अनुसार श्री छत्रप्रकाश मल्ललाई बिराटनगर अस्पतालको शाखा अधिकृत पदबाट रेखदेख दौडाहाको राजपत्राँकित तृतीय श्रेणीको (नेपाल प्रशासन सेवा) पदमा सरुवा गरेको छ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।